बागमती प्रदेश सरकार

# वन तथा वातावरण मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः २०७८/०७९
चलानी नम्बरः ९६२

मितिः २०७९/०१/०५

विषयः तह वृद्धिको लागि पेश गर्नुपर्ने आवश्यक कागजात सम्बन्धमा।

श्री वन निर्देशनालय, बागमती प्रदेश, हेटौडा
श्री वन अनुशन्धान तथा प्रशिक्षण केन्द्र, गोदावरी, ललितपुर,
श्री डिभिजन वन कार्यालय -१५ वटै,
श्री भू तथा जलाधार व्यवस्थापन कार्यालय -५वटै,

प्रस्तुत विषयमा प्रदेश निजामती सेवा अध्यादेश, २०७८ को दफा ३० बमोजिम तह बृद्धिको लागि देहायमा उल्लेखित विवरण तयार पारी प्रत्येक कर्मचारीको छुट्टा छुट्टै फाइलमा पठाउनु हुन आदेशानुसार अनुरोध छ।

देहायः

- तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच बर्षको सेवा अवधि पुरा भएको।
- पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत पन्चानब्बे प्रतिशत अङ्क प्रास गरेको।
- तह वृद्धिको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको।
    - चौथो तहबाट पाचौं तहमाः- कम्तिमा एस.एल.सी. वा एस.ई.ई वा सो सरह उत्तीर्ण।
    - पाचौं तहबाट छैटौ तहमाः- सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा प्रविणता प्रमाण पत्र तह वा कक्षा १२ वा सो सरह उत्तीर्ण।
    - सातौ तहबाट आठौं तहमाः- सेवा समूहसंग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण।
    - नवौ तहबाट दशौं तहमाः- सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण।
- शैक्षिक योग्यता सम्बद्धता निर्धारण गर्नु पर्ने भएमा सम्बद्धता निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ।
- पछिल्लो पाँचबर्षको का.स.मू. फारम कुन कुन कार्यालयमा दर्ता गरिएको हो सो कार्यालयको नाम र आ.व. खुलाई पठाउनुहुन।

नोटः- बागमती प्रदेश भित्रका जिल्ला बाहेकको जिल्लामा दर्ता गरिएको भए का.स.मू. फारमा समेत पेश गर्नुपर्नेछ।

पछिल्लो आ.व. २०७७/०७८
२०७६/०७७
२०७५/०७६
२०७४/०७५
२०७३/०७४

फोन नं. ०५७-५२५६१७, ईमेलः moitfe@bagamati.gov.np वेबसाईटः www.moitfe.bagamati.gov.np

बागमती प्रदेश सरकार
# वन तथा वातावरण मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः
चलानी नम्बरः

मितिः

- सम्बन्धित कर्मचारीको शूरु नियुक्ति पत्र- वढुवा पत्र-समायोजन पत्र-पदस्थापन पत्र-हालको कार्यालयमा सरुवा पदस्थापन पत्र- PIS प्रिन्ट।
- बागमती प्रदेश भित्रका जिल्ला बाहेक, वन तथा वातावरण मन्त्रालय, वन विभाग, भू संरक्षण विभाग।
- अन्य प्रदेशका जिल्लामा का.स.मू. दर्ता गरिएको भए का.स.मू समेत पठाउनुहुन।
- सम्बन्धित कर्मचारीको निवेदन।
- प्रदेश निजामती सेवा ऐन, २०७८ को दफा ३३ को (क) (ख) (ग) र (घ) को अवधिभर तह वृद्दि रोक्का गरिने छ।

**पुनश्चः मितिः- २०७९ साल वैशाख १२ गते भित्र मन्त्रालयमा आइपुग्ने गरी पठाउनुहुन।**

यज्ञनाथ दाहाल
प्रदेश सचिव